जि.प्र.का. सप्तरी द.नं. १२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १३४ २०८१ साल पुस ९ गते मंगलबार (24 Dec. 2024 Tuesday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : कहिले बन्छ महिनावारी विभेदको.. ३ पृष्ठमा : पत्रकारिताको धर्म र नैतिक.. ३ पृष्ठमा : मस्क अमेरिकी राष्ट्रपति...

# पाँच वर्ष अघि नाबालकको हत्यामा संलग्न फरार सबालक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ८ पुस ।**

पाँच वर्षअघि एक नाबालकको हत्यामा संलग्नता रहेको कसुरमा जिल्ला र तत्तकालिन पुनरावेदन अदालतले कैद सजाय फैसला गरि फरार रहेका एक युवालाई प्रहरीले आइतबार पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ का २१ वर्षिय एक युवा रहेको प्रहरीले जनाएको छ । घटनाका बेला भने उनी नाबालक रहेकाले उनको नाम भने प्रहरीले खोलाएका छैनन् ।

अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा पक्राउ परेका उनलाई सोमबार नै कैद सजाय भुक्तानका लागि बालसुधार गृह बिरगंज पर्सामा पठाइएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता एवं डिएसपी जितेन्द्र कुमार बस्नेतका अनुसार ती २१ वर्षिय युवा ( तत्तकालिन १६ वर्षिय नाबालक) सहित तीन जना मिलेर २०७६ साल चैत ३० गते सोही स्थानका नाबालक सुरज साहको हत्या गरि कोशी तटबन्धको झारीमा शव फ्याकी फरार भएका थिए । हत्याको अभियोग लागेका तीन जना मध्ये एक जना सबालक र दुई जना नाबालक थिए । जसमा एक सबालक र एक नाबलकले अदालतको फैसला अनुसार कैद सजाय भोगिरहेका छन् ।

तीनै जना अभियुक्तहरुलाई उक्त कर्तव्य ज्यान मुद्दामा सप्तरी जिल्ला अदालतले २५ वर्षको कैद सजायको फैसला सुनाएको थियो । पछि अभियुक्तहरुले पुनरावेदन गरेपछी तत्कालिन पुनरावेदन अदालत राजविराजले कैद सजाय घटाई उनीहरुलाई जनही १२ वर्ष ६ महिना कैद सजाय हुने फैसला गरेको थियो ।

इलाका प्रहरी कार्यालय भारदह सप्तरीबाट खटिएको प्रहरी टोलीले ती युवालाई आइतबार खोजतलास गरी पक्राउ गरी जिल्ला अदालत राजविराजमा दाखिला गरि अदालतको आदेशानुसार बालसुधार गृह बिरगंज पर्सा पठाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## सय किलो गाजा बरामद



**दैनिक समाचारदाता**
**राजविराज, ८ पुस ।**

सप्तरी प्रहरीले जिल्लाको बलानविहुल गाउँपालिका वडा नं. ६ मा चेकजाच गर्ने क्रममा एक सय किलो लागुऔषध गाजा बरामद गरेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता जितेन्द्र कुमार बस्नेतका अनुसार शेहरा चौक भन्दा १ किलो मिटर पुर्व नेपालबाट भारततर्फ अवैध रुपमा लुकाई छिपाई टाँउकोमा बोराहरु बोकी लादै गरेको अवस्थामा प्रहरी टोलीहरुलाई देख्ना साथ बोराहरु छाडी मानिसहरु भारततर्फ फरार भएका थिए ।

प्रहरीले सो बोराहरु खोली चेकजाँच गर्दा सो एक सय किलो लागू औषध गाँजा बरामद भएको जनाएको छ । बरामद गाजा नियन्त्रणमा लिइ आवश्यक कानुनी प्रकृया अगाडी बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## मधेशमा अपाङ्गता भएका बालबालिका बढी

जनकपुर, ८ पुस (रासस) ।

मधेश प्रदेशका जिल्लामा अन्य प्रदेशका तुलनामा अपाङ्गता भएका बालबालिकाको सङ्ख्या बढी रहेको छ । राष्ट्रिय बालअधिकार परिषद्को आयोजनामा तथा सेभ द चिल्ड्रेनको सहयोगमा आइतबार सम्पन्न प्रदेशस्तरीय छलफल कार्यक्रममा मधेशमा अन्य प्रदेशका तुलनामा अपाङ्गता भएका बालबालिका बढी रहेका जानकारी दिइएको हो ।

मधेशका जिल्लामा बालबालिकाको कुल जनसङ्ख्याको १५ दशमलव दुई प्रतिशत अपाङ्गता भएका बालबालिका रहेकाले उनीहरूको शिक्षा तथा अन्य सामाजिक सेवाको क्षेत्रमा विशेष ध्यान दिनुपर्ने आवश्यकतामा जोड दिइएको हो ।

प्रस्तुत प्रतिवेदन अनुसार राष्ट्रियस्तरमा एक दशमलव २३ प्रतिशत अपाङ्गता भएका बालबालिका रहेकामा मधेशमा बढी रहेको पाइएको परिषद्का प्रशासन महाशाखाका प्रमुख एवं सूचना अधिकारी रामबहादुर चन्दले जानकारी दिनुभयो । उनीहरूको स्वास्थ्य शिक्षा तथा सीप विकाससँगै रोजगारीमा नीतिगत तहदेखि नै योजना बनाएर कार्यान्वयन गर्दै जानुपर्नेमा उहाँले जोड दिनुभयो ।

अपाङ्गता हुनसक्ने जोखिम कम गर्न गर्भवतीको नियमित स्वास्थ्य जाँचसहित स्वस्थ खानपानमा विशेष ध्यान दिनुपर्ने चन्दद्वारा प्रस्तुत कार्यपत्रमा उल्लेख गरिएको छ ।

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमीका प्रतिनिधि दिपक माझीले कार्यपत्र प्रस्तुत गर्दै गर्भमा रहेको शिशुको नियमित परिक्षण गरी स्वास्थ्य अवस्था पहिचान गरेर सुरक्षाका कदम चालेमा जन्मँदै अपाङ्गता हुनेको सङ्ख्यामा कमी ल्याउन सकिने धारणा राख्नुभयो ।

राष्ट्रिय बालअधिकार परिषद्का मधेश प्रदेशका बालअधिकारीकर्मी सञ्जीव महतोले खास गरेर अपाङ्गता भएका बालबालिकाको स्वास्थ्य र शिक्षामा सम्बन्धित निकायको ध्यानाकर्षण गराउन कार्यक्रम आयोजना गरिएको जानकारी दिँदै तीनै तहका सरकारले यसमा विशेष योजना बनाएर काम गर्नुपर्नेमा जोड दिनुभयो ।

जनकपुरधाम उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले अपाङ्गता भएकाको स्वास्थ्य र शिक्षाका क्षेत्रमा उपमहानगरले योजनाबद्ध रूपमा काम गरिरहेको बताउँदै अपाङ्गता भएकाको वर्गीकरण गरेर सामाजिक सुरक्षा भत्ताका लागि परिचयपत्र दिन थालिएको जानकारी दिनुभयो ।

मधेश प्रदेशका नीति तथा योजना आयोगका सदस्य डा शिला मिश्रले प्रदेश सरकारले अपाङ्गमैत्री संरचनाको निर्माण गर्नुपर्नेमा जोड दिँदै फरक क्षमता भएका व्यक्तिका लागि विभिन्न प्रकारको सामाजिक सुरक्षासम्बन्धी कार्यक्रम गर्दै आइएको उल्लेख गर्नुभयो ।

## क्रिकेट समर्थकलाई अभद्र व्यवहार गर्ने दुई पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ८ पुस ।**

नेपाल प्रिमियर लिग ( एनपीएल) क्रिकेटको फाइनलपछि समर्थकमाथि अभद्र व्यवहार गर्ने दुई जना पक्राउ परेका छन् । डोटीको सिलगढी नगरपालिका घर भई अहिले कीर्तिपुर बस्ने गणेश साउद र डोटीकै आदर्श गाउँपालिका घर भई कीर्तिपुर बस्ने अशोक साउदलाई पक्राउ गरेको जिल्ला प्रहरी परिसर काठमाण्डौले जनाएको छ ।

एनपीएलको फाइनलमा जनकपुर बोल्ट्सले सुदूरपश्चिम रोयल्सलाई हराएपछि उनीहरुले जनकपुरका समर्थकमाथि अभद्र व्यवहार गरेका थिए । पक्राउ परेका साउदद्धयले अपमानजनक शब्द प्रयोग गरेको, साम्प्रदायिक सद्भाव विगार्न खोजेको र केही व्यक्तिलाई अभद्र व्यवहार गरेका थिए । घटनामा संलग्न अरू व्यक्तिको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

## सहकारी ठगी आरोपमा वडाअध्यक्ष पक्राउ

काठमाडौं, ८ पुस (रासस) ।

सहकारी ठगी आरोपमा काठमाडौंको चन्द्रागिरि नगरपालिका-१२ का वडाअध्यक्ष नुच्छेबहादुर महर्जनलाई प्रहरीले पक्राउ गरेको छ ।

ठमेलस्थित हरियाली बचत तथा ऋण सहकारी संस्थाको रकम हिनामिना गरेको आरोपमा प्रहरी वृत्त सोह्रखुट्टेको टोलीले उहाँलाई पक्राउ गरेको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले राससलाई जानकारी दिनुभयो ।

## लागू औषधसहित दुई पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ८ पुस ।**

सप्तरी प्रहरीले लागू औषधसहित दुई जनालाई सोमबार पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको खड्क नगरपालिका १ सिस्वाका अन्दाजी २५ वर्षिय पारस कुमार मण्डल सोही ठाउँका २२ वर्षिय रविन कुमार साह छन् ।

प्रहरी चौकी सिस्वा बेल्हीबाट खटिएको प्रहरीको टोलीले सास्वरबाट धनगढीतर्फ आउदै गरेको १-०२-०४०प.७३६६ नम्बरको मोटरसाइकलमा सवार

***बाँकी अन्तिम पृष्ठमा***

**धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं**

➢ धुम्रपान र मद्यपानले जाडो घट्ने वा हट्ने होईन,

➢ यसले मुटु, दम, श्वासप्रश्वास, क्यान्सरजस्ता दीर्घकालीन रोग लाग्न सक्छ,

➢ आफू, परिवार तथा समाजका अन्य व्यक्तिलाई त्यस्तो कुलतमा फस्न नदिऔं,

➢ कुलतमा रहेकाले त्याग्ने प्रण गरौं,

➢ धुम्रपानले तपाई र तपाईको परिवारका साथै नजिक रहेका व्यक्तिलाई समेत असर पुऱ्याउँछ।

त्यसैले,

धुम्रपान र मद्यपान नगरौं, स्वस्थ जीवन बाँचौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### विकासका लागि खबरदारी आवश्यक

जिल्लाको समग्र विकासका लागि जनताले अब खबरदारी गर्नु जरुरी छ । चालु आ.ब.को पाँच महिना भन्दा बढी बितिसकेको छ । जबकी यही बेला विकासीय योजनाहरुको सुरुवात गर्ने समय हो । तर, विकास सम्बन्धी योजना अझै सुरुवात हुन सकेको छैन् । अहिलेसम्म जिल्लाको कुनै पालिकाले ती योजनाहरु बारे बिस्तृत जानकारी समेत जनता माझ दिन सकेको छैन् ।

यस्तो अवस्थामा यदी जनता जागेन भने र आफ्नो नैरसङ्गिक अधिकारको सदुपयोग गर्न नसके सबैभन्दा बढी विकासीय कार्यहरु प्रभावित हुन पुग्छ । जुन सबै जनताको पहिलो चाहना र काम गर्ने नेताको पहिलो प्राथमिकतामा पर्दछ । विकासको नाममा जताभावी रुपमा बजेटको दुरुपयोग भइरहेमा जनताले त्यसलाई खबरदारी गर्नु पनि उत्तिकै आवश्यक छ । भ्रष्टाचार गर्नु कानुन विपरीत कार्य तथा जनताको चहानामाथी कुठाराघात गर्नु हो । विकास भन्ने शब्द यस्तो पाटो हो जसले समाजको भौतिक रुपलाई सुन्दर बनाउछ । समाजमा परिवर्तन ल्याउन सबै भन्दा उत्तम विकल्प विकास नै हो । विकासको कुरा गर्ने हो भने सप्तरी जिल्लामा विगतका पाँच वर्षमा विकास त भयो तर खासै उपलब्धीमूलक बनेन् । विकासको सुरुवात त भयो, समयमा सम्पन्न हुन सकेन् ।

विकासका लागि जनप्रतिनिधिहरुको सकारात्मक कदम, जनताको साथ र सहज वातावरण आवश्यक पर्दछ । तसर्थ कुनै पनि स्थानको विकासका लागि सकारात्मक सोच आवश्यक पर्नुका साथै जनताको खबरदारी समेत अनिवार्य हुन्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# कहिले बन्छ महिनावारी विभेदको पर्खाल भत्काउने कानुन ?

**कालिका खड्का**
काठमाडौँ, ८ पुस (रासस) ।

"नछुने भई भनेर अलग्गै ढोका एक छेउमा पाँच दिनसम्म बस्नुपर्थ्यो, चुलामा आफूले केही छुन नहुने, कलकल पानी खान मन लाग्थ्यो, भोक लाग्थ्यो, पकाएर खान दिने मान्छे भए खायो, नत्र भोकै", ६४ वर्षीया विष्णुमाया बुढाथोकी आफ्नो अतीत सम्झँदै भन्नुभयो । दोलखाको सुस्पा क्षमावती-१ की विष्णुमायाले आफ्नो महिनावारी चक्रका अनगिन्ती यातनाका दिनलाई अहिले पनि बिर्सन सक्नुहुन्न ।

चार सन्तानकी आमा विष्णुमायाको जीवन केवल शारीरिक पीडा मात्र होइन, सामाजिक अन्याय र मानसिक सङ्घर्षले भरिएको थियो । "महिनावारी हुने बित्तिकै लालाबाला बच्चा भोकाउने, आफूलाई पनि भोक लाग्ने तर चुलामा गएर खाना पकाउन नपाउने अवस्था थियो", उहाँले विगत पीडा स्मरण गर्दै सुनाउनुभयो, "पानीसमेत निकालेर खान नपाएको क्षण सुनाउँदा अहिले पनि मलाई मुटु फुलेर आउँछ, गला अवरुद्ध हुन्छ ।"

**श्रीमान्‌को पर्खाइमा भोकभोकै दिन**

श्रीमान् मात्र थिए विष्णुमायाका लागि सहारा तर त्यहाँ पनि सहजता थिएन । "भान्सामा काम गर्नुपर्दा कहिलेकाहीँ श्रीमान्‌ले रिसाएर भाडा ठटाउनुहुन्थ्यो, म डराउँदै, थाक्दै पर्खेर बस्नुपर्थ्यो, खाना पाकेर खाँदासम्म भोकले शरीर थरथर काँपिसकेको हुन्थ्यो, ती दिन सम्झन पनि मन लाग्दैन", आँसु पुछ्दै उहाँले भन्नुभयो । महिनावारीका कठिन दिन मात्र होइन, त्योसँग जोडिएको असमान व्यवहार र सामाजिक नियमले उहाँको जीवनलाई झन् कठिन बनाएको थियो । ४४ वर्षको उमेरमा महिनावारी बार्न छाडेपछि उहाँलाई थाहा भयो महिनावारी नबार्दा पाप लाग्दैन । तर त्यो समयसम्म समाजको सोच बदल्न सजिलो थिएन । "मन्दिर गइन तर बाँकी सबै काम गरेँ, महिनावारी नबार्दा पाप लाग्छ भन्ने कुरा मनमा बारम्बार आइरहन्थ्यो, तर मेरो छोरीले भने प्राकृतिक कुरा हुन्, बार्न पर्दैन भनेर बुझाइन्", उहाँले सुनाउनुभयो ।

**अझै पनि समाज बाँधिएको जन्जिर**

विष्णुमाया मात्र होइनन्, तनहुँ घर भई हाल बालाजु बस्ने ४५ वर्षीय सीता पाण्डे अहिले पनि महिनावारी बार्नुहुन्छ । "सानैदेखि हजुरआमा र आमाले महिनावारी बार्नुपर्छ भनेको सुनेर मनमा बसेको हो", सीता भन्नुहुन्छ । उहाँले आफ्नी छोरीलाई पनि बार्न लगाउनुहुन्छ । तर छोरी भने यो नियमलाई अस्वीकार गर्दै सामान्य प्रक्रियाका रूपमा लिन्छन् । महिनावारीका यी पुराना रीतिथितिहरूको भार विष्णुमाया र सीताजस्ता महिलाहरूले वर्षौंदेखि उठाउँदै आएका छन् । यो केवल व्यक्तिगत पीडाको कथा होइन, समाजमा गहिरो रूपमा जरा गाडेको अन्धविश्वास र असमानताको प्रतिनिधित्व हो ।

समयसँगै केही परिवर्तनका किरणहरू देखिन थालेका छन् । विष्णुमायाकी छोरीजस्तै नयाँ पुस्ताले यी पुराना परम्परालाई चुनौती दिन थालेका छन् । अझै पनि यस परिवर्तनले समाजमा पुरानो सोचलाई पूर्णतः मेटाउन सकेको छैन । विष्णुमायाका आँसुहरू सायद एक पुस्ताका सङ्घर्षको प्रतीक हुन् । तर उहाँजस्तै महिलाहरूको अनुभवले समाजलाई नयाँ दिशातर्फ लैजान सक्ने शक्ति दिन्छ ।

रीताको छोरीजस्तै अहिले नवकिशोरी प्राकृतिक रूपमा हुने महिनावारीलाई बार्नुपर्ने विषय ठान्दैनन् । महिनावारीका बेला मन लागेका खाना खाने, जान मन लागेको ठाउँमा जाने, महिनावारी प्याडको प्रयोग गर्ने र सरसफाइमा ध्यान दिँदा हुन्छ भन्ने लाग्छ काठमाडौँ महानगरपालिका-१० बानेश्वर निवासी १५ वर्षीय आज्ञा अधिकारीलाई । "महिनावारी भएको बेला सामान्य दिनजस्तो सबै काम गर्छु, मलाई महिनावारी पाप हो भन्ने लाग्दैन", सुजाताले आफ्नो अनुभव सुनाउँदै भन्नुभयो, "आमाले पनि यसलाई पाप/धर्मसँग जोडेर हेर्नुभएन, महिनावारीको पाँच दिन र बाँकी २५ दिन उस्तै लाग्छ ।"

आज्ञाको आमाबुबा पनि महिनावारीलाई छुन नहुने रूपमा लिनुहुन्न । यो प्राकृतिक पक्रिया हो । स्वच्छ शरीर हुनका लागि यो महिनावारी जरुरी भन्छन् । "मेरा बुबाआमा महिनावारी नमान्ने भएर होला, मलाई महिनावारीको बेला कुनै रोकतोक छैन", उहाँले थप्नुभयो, "साथीहरू पनि महिनावारी बार्दैनन्, मलाई त बार्नुपर्छ भन्ने थाहैछैन ।"

समाजमा अहिले पनि महिला तथा बालिकाले महिनावारी भएको समयमा विभेद झेल्दै आएका छन् । शिक्षत वा अशिक्षित दुवै परिवारमा यो विभेदको पर्खाल, पीडा र अनुभव खास फरक छैन । यो परम्परादेखि गरिँदै आएको विभेदको पर्खाल भत्काउन नेपालको संविधानमा भएका मौलिक हकको पूर्ण रूपमा कार्यान्वयनको जरुरी छ ।

**संविधाकका हक र महिनावारी विभेद**

नेपालको संविधानमा व्यवस्था गरिएका ३१ मौलिक हकमध्ये १४ वटा प्रत्यक्ष र १९ वटा अप्रत्यक्ष रूपमा मर्यादित महिनावारीसँग जोडिएका छन् । संविधानको धारा, १६ मा सम्मानपूर्वक बाँच्न पाउने हकले महिनावारीको समयमा सामान्य ओछ्यानमा सुत्न, भान्साकोठामा जान, आफूले चाहेजस्तो खाना खान, परिवारसँग बसेर खाना खानका व्यवस्था गरेको छ । त्यस्तै धारा, १७ ले कुनै पनि व्यक्तिलाई व्यक्तिगत स्वतन्त्रताबाट वञ्चित गरिने छैन भन्नुको अर्थ महिनावारीको समयमा महिलाले आफ्नो इच्छाअनुसार जहाँ पनि जान पाउने हकलाई सुरक्षित गरेको छ । धारा, १८ मा समानताको अधिकारको प्रत्याभूत गरिएबाट महिनावारी वा अरू जस्तोसुकै अवस्थामा पनि व्यक्ति सम्मानपूर्वक बाँच्न पाउनुपर्छ ।

महिनावारीसम्बन्धी भेद्भावका कारण प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा अधिकांश मौलिक अधिकार हनन भएका छन् । संविधानको हक, निर्देशक सिद्धान्त, राज्यको नीति र दायित्व कार्यान्वयन नभए के गर्ने भन्ने कुरा संविधानमै लेखिएको छ । कार्यान्वयन नभएको खण्डमा कार्यान्वयन भए/नभएको प्रतिवेदन तयार गर्न, अनुगमन र मूल्याङ्कन गर्न सङ्घीय संसद्मा समिति गठन गर्नुपर्ने संविधानमा उल्लेख छ । तर संसद्मा यस विषयमा छलफल हुन सकेको छैन ।

संविधान सबै नागरिकको अधिकारको रक्षा गर्ने र सबै प्रकारका भेदभावको अन्त्य गर्ने दस्तावेज हो तर महिनावारीसम्बन्धी विभेदको विषयमा संविधानमा स्पष्ट व्यवस्था गरिएको छैन । तत्कालीन केपी शर्मा ओली नेतृत्वको नौमहिने सरकारले २०७४ सालमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री पार्वत गुरुङले मर्यादित महिनावारीसम्बन्धी कानुन बनाउने भनेर मस्यादौ तयार गर्नुभएको थियो ।

**हरायो कानुन**

सङ्घीय संसद्को तत्कालीन महिला तथा सामाजिक समितिकी सभापति निरुदेवी पाललाई सरकारले छाउपडी प्रथाजस्तो सामाजिक कलङ्कको अन्त्यका लागि मर्यादित महिनावारीको अवधारणा तत्कालीन सरकारले अघि सारेर महत्वपूर्ण काम सुरु गरेको थियो । सुदूरपश्चिम र कर्णालीका केही ठाउँमा छाउगोठको अभ्यास रहे पनि महिनावारी विभेद देशभरि नै भएकाले सरकारले मर्यादित महिनावारी कानुनको मस्यौदा बनाएको थियो । "त्यो बेला सुदूरपश्चिममा छाउगोठमा सर्पले डसेर महिलाको मृत्यु भएको थियो, महिनावारी भएको बेलामा सुरक्षा दिनुपर्छ भनेर कानुन न बनाउनुपर्छ भनेर मस्यौदा पनि तयार भएको थियो", उहाँले भन्नुभयो ।

नेत्री पाललाई महिनावारीलाई पाप र धर्मसँग जोडेर हेर्न हुँदैन भन्ने लाग्छ । "महिनावारी स्वच्छ महिलालाई हुने सामान्य प्राकृतिक प्रक्रिया हो, यसलाई पाप र धर्मसँग जोडेर हेर्न हुँदैन भनेर कानुन न बनाएर कडाइका साथ लागू गर्नुपर्छ भनेर कानुन बनाउने योजना थियो", उहाँले थप्नुभयो, "कानुनको मस्यौदा तयार भए पनि मन्त्री फेरिएपछि यो विषय अघि बढ्न सकेन ।"

महिनावारीलाई अछुत मान्ने संविधान विपरीत हो भनेर मानिसलाई अझ पनि धेरै बुझाउन जरुरी छ भन्ने पाललाई लाग्छ । "संविधानमा व्यवस्था उत्कृष्ट व्यवस्था छ तर कार्यान्वयन कमजोर छ, मौलिक हकको रामोसँग कार्यान्वयन गरेमा महिलाले महिनावारीका नाममा अकालमा ज्यान रोकिन्छ", उहाँले भन्नुभयो, "त्यसपछि मात्र यो आन्दोलनले सफलता पाउँछ । त्यसका लागि राजनीतिक दल, सामाजिक व्यक्तित्व र स्थानीय तह सबै लाग्नुपर्छ ।"

संविधानले कुनै पनि तरिकाले महिलालाई विभेद गर्न नपाउने व्यवस्था गरेको छ भन्नुहुन्छ पूर्वपरराष्ट्रमन्त्री डा बिमला राई पौड्याल । "संविधानले कुनै पनि तरिकाले महिलालाई विभेद गर्न नपाउने व्यवस्था गरेको छ, मौलिक हकका स्वास्थ्यको हक, जातीय विभेद, छुवाछूतविरुद्धको हक छ," उहाँले थप्नुभयो, "महिनावारीजस्तो सामान्य प्रक्रियालाई अछुतको व्यवहार गर्नु हुँदैन, मर्यादित, सुरक्षित प्रजनन स्वास्थ्यको अधिकार हो ।"

महिनावारी भएको बेला सामान्य अवस्था जस्तै किशोरीहरू निर्बाध विद्यालय जानसक्ने वातावरण बनाउनपर्छ भन्ने नेत्री बिमलालाई लाग्छ । "महिनावारी भएको कारणले रोजगारीबाट निकालिनुपर्‍यो भने रोजगारीको हक छ, यो खान हुन्छ, त्यो खान हुन हुँदैन भन्ने खाद्य अधिकारभित्र पर्छ", उहाँले थप्नुभयो, "सुरक्षित रूपमा बस्न पाउने आवाससम्बन्धी हक खोस्न पाइँदैन ।"

महिनावारी हुनु स्वस्थ शरीर हुनु हो र प्रजनन अधिकारका लागि सबैभन्दा ठूलो महिलाको अधिकार हो । "महिनावारी विभेद गरियो भने संविधान मात्र होइन, मानवअधिकारको पनि उल्लङ्घन हुन्छ, यो अज्ञानताभन्दा पनि रूढीबादी सोच हो", नेत्री राईले भन्नुभयो, "सुगम ठाउँमा बसेका धनाढ्य परिवारमा पनि यो विभेद देखिन्छ, यसका लागि साधारण जनचेतनाले हुँदैन, बृहत् अभियान नै चलाउनुपर्छ ।"

प्राचीन समयमा पर्याप्त कपडा हुँदैनथ्यो । अहिलेझैँ महिनावारी प्याड छनोट सुविधा थिएन । रगत बग्दा फोहोर हुन्छ भनेर चुलाचौकामा नजानु भनिएको हुनुपर्छ । केही महिलालाई अलि कठिन हुने भएकाले आराम चाहिन्छ भनिएको होला । तर अहिले त्यो अवस्था धेरै हदसम्म छैन, सरसफाइमा ध्यान दिनुपर्छ र आवश्यक स्रोतसाधनको व्यवस्था गर्नुपर्ने उहाँको ठम्याइ छ । "यो प्राकृतिक कुरा हो, यसलाई व्यवस्थापन गर्नुपर्छ", नेत्री राईले भन्नुभयो । नेत्री पौड्याल यसलाई अभियानकै रूपमा लैजानुपर्ने बताउनुहुन्छ । राजनीतिक दलका नेता, सामाजिक अगुवा र कलाकारहरूको सञ्जाल बनाएर उनीहरूमार्फत 'म महिनावारी बार्दिन' भन्ने अभियान चलाउनुपर्ने उहाँको भनाइ छ ।

**राजनीतिक नेतृत्वको सङ्कल्प खै ?**

महिनावारीलाई मर्यादित बनाउन कानुन बनाएर दण्डित गर्नुपर्ने र जनचेतनाको काम गर्नुपर्छ भन्ने पूर्वमहिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री पार्वत गुरुङको भनाइ छ । "मान्छेलाई सचेत गराउने कुरा हो, मर्यादित महिनावारीको विषय अछुत होइन, अलग घर बनाएर राख्ने चलन ठीक होइन", पूर्वमत्री गुरुङले भन्नुभयो, "प्राकृतिक कुरालाई पाप धर्मसँग जोडेर हेर्न हुँदैन भनेर कानुन बनाउने योजना बनेको थियो ।"

उहाँलाई समाजका यस्ता विकृति विसङ्गति, अन्धविश्वासलाई जरैदेखि निर्मूल गर्नुपर्छ भन्ने लाग्छ । पूर्वमन्त्री गुरुङले थप्नुभयो, "महिलालाई हेर्ने दृष्टिकोण गलत भयो, त्यो गर्न हुँदैन भनेर राज्यदेखि आम नागरिकमा सचेतना जगाउने अभियान सञ्चालन गरेका थियौँ ।" आफू मन्त्री हुँदा उहाँले नेपाललाई विश्वसामु 'मर्यादित महिनावारी' को देशका रूपमा स्थापित गराउने घोषणा गर्नुभएको थियो । महिलामाथि हुने महिनावारीका नाममा हुने विभेद रोक्नका लागि आवश्यक कानुन बनाएर मर्यादित महिनावारीको देश बनाउने अभियान सुरु पनि भएको थियो ।

महिनावारीलाई मर्यादित बनाउन आवश्यक ऐन, नियम, निर्देशिका र नियमावली बनाउने कामलाई तीव्रता दिने योजना उहाँको जिम्मेवारी फेरबदलसँगै बीचमै रोकियो । मर्यादित महिनावारीको कानुन बनाउनका लागि तयार भएको मस्यौदा सदनमा प्रस्तुत नै हुन पाएन । केही वर्षपछि अहिले मन्त्रालयले मर्यादित महिनावारीसम्बन्धी कानुनको मस्यौदा तयार भएर मन्त्रिपरिषद्मा प्रस्तुत गरेको छ । छिट्टै मस्यौदाले ऐनको रूपमा स्वीकृत भई महिनावारीमा हुने सबै खालका विभेदको अन्त्य गरी मुलुकलाई मर्यादित महिनावारी' को देशका रूपमा परिचित हुने अपेक्षा गरिएको छ ।

# पत्रकारिताको धर्म र नैतिक इमान्दारिता अक्षुण्ण राख्नु हो : प्रथम राष्ट्रपति डा यादव

काठमाडौँ, ८ पुस (रासस) ।

प्रथम राष्ट्रपति डा रामवरण यादवले पत्रकारिताको पेसागत व्यावसायिक मर्यादा र गरिमालाई कायम राख्न पत्रकारले आफ्नो धर्म र नैतिक इमान्दारितालाई अक्षुण्ण राख्न सक्नुपर्ने बताउनुभएको छ ।

नेपाल पत्रकार महासङ्घ प्रतिष्ठान प्रदेशको तेस्रो पद हस्तान्तरण कार्यक्रमका अवसरमा यहाँ आयोजित 'पत्रकार भइरहन कति सहज ?' विषयक अन्तरक्रियामा उहाँले पत्रकारिताको धर्म र नैतिकतालाई व्यवस्थित गरेर लैजान सकेको खण्डमा सिङ्गो पत्रकारिताको माध्यमबाट लोकतन्त्र र प्रजातन्त्र सुदृढ हुने विश्वास व्यक्त गर्नुभयो ।

"पत्रकारले आफ्नो व्यावसायिक धर्म छाड्नु हुँदैन । नकि पत्रकार, चिकित्सक, वकिल र राजनीतिकर्मी सबै आफू जहाँ छौँ आ-आफ्नो धर्म निर्वाह गर्नुपर्छ यसबाटै देश र समाजको बृहत्तर हित हुन्छ", प्रथम राष्ट्रपति डा यादवले भन्नुभयो, "आजको दुनियाँमा नैतिकताको ह्रास भइरहेको छ । यस्तो बेलामा पत्रकारको आफ्नो धर्म छ । तपाइँहरू जहाँ हुनुहुन्छ । व्यावसायिक धर्म नछोड्नुस् ।"

पत्रकार देश र समाजको प्रतिनिधित्व गर्ने वर्ग भएकाले पेसागत दायित्व र नैतिक इमान्दारिता कायम गरेर अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो । उहाँले सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा समावेशी चरित्रको संविधान बनेको भन्दै यसको संरक्षण र प्रवर्द्धन गर्न सबै क्षेत्रको उत्तिकै दायित्व हुने उल्लेख गर्नुभयो ।

एक अर्को प्रसङ्गमा प्रथम राष्ट्रपति डा यादवले सोमबार संसारमा प्रजातन्त्रको क्षयीकरण भइरहेको सन्दर्भमा आफू विद्यार्थी राजनीति, चिकित्सा पेसा र पछिल्लो पदीय जिम्मेवारीमा रहदाँ करिब ८३ वर्षको उमेरमा लोकतन्त्रमाथि खतरा छभन्दा असाध्यै दुःख लाग्ने गरेको सुनाउनुभयो । उहाँले संविधानको सफल कार्यान्वयनका लागि सानातिना गुनासालाई सम्बोधन गरेर सचेतनापूर्वक अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा मीनेन्द्र रिजालले व्यावसायिक र जिम्मेवार पत्रकारिताको विकास गर्नेतर्फ महासङ्घ क्रियाशील हुनुपर्नेमा जोड दिनुभयो ।

नेता रिजालले सातबुँदे सहमतिको भावनाअनुरूप सरकार सफल रूपमा अघि बढ्नुपर्ने बताउनुभयो । उहाँले यथेष्ट सहमतिका साथ देखिएका निराशालाई चिर्दै सबै राजनीतिक दलसँगको सहमतिमा संविधान संशोधनको प्रक्रिया अगाडि बढाइनुपर्ने खाँचो औँल्याउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) का उपमहासचिव जनार्दन शर्माले पत्रकारिता व्यावसायिक पत्रकारिताको विकास र अभिव्यक्ति स्वतन्त्रताको विस्तार मात्र नभई नागरिकमा सचेतना र सकारलाई खबरदारी गर्ने महत्त्वपूर्ण माध्यम रहेको भन्दै यसको महत्त्व र प्रतिष्ठालाई जोगाउन स्वयम् पत्रकार जिम्मेवार हुनुपर्नेमा जोड दिनुभयो । उहाँले लोकतन्त्रमा पत्रकारिता समाजनको निरन्तर आन्दोल भएको भन्दै लोकतन्त्रलाई गति दिन आत्माका रूपमा पत्रकारिताले काम गरिरहेको बताउनुभयो ।

नेपाल पत्रकार महासङ्घका नवनिर्वाचित अध्यक्ष निर्मला शर्माले प्रेस तथा अभिव्यक्ति स्वतन्त्राको संरक्षणाका साथै श्रमजीवी पत्रकारको पेसागत र व्यावसायिक मुद्दा प्राथमिकतासाथ उठाउने विश्वास व्यक्त गर्नुभयो । पछिल्लो समय पत्रकारको समाचारसँगको पहुँच सङ्कुचन भइरहेको र त्यसमा सरकार, राजनीतिक दलले सूचना प्रणालीलाई चुस्त र दुरूस्त बनाउनुपर्ने अपरिहार्य भएको उहाँले उल्लेख गर्नुभयो ।

महासङ्घका पूर्वअध्यक्ष बिपुल पोखरेलले महासङ्घलाई सशक्त बनाउन र लेख्ने पत्रकारको संस्थाका रूपमा विकास गर्न प्रतिष्ठान प्रदेश समितिको महत्वपूर्ण भूमिका हुने बताउनुभयो । उहाँले श्रमजीवी पत्रकारका धेरै मुद्दा थाती रहेकाले तिनको पैरवी गर्न नयाँ नेतृत्वले सफल हुनुपर्छ भन्नुभयो ।

नेपाल प्रेस युनियनका अध्यक्ष शिव लम्सालले निर्वाचनपछि महासङ्घ साझा चरित्रको भएको भन्दै थाती रहेका पत्रकारको सदस्यता शुद्धीकरण र पत्रकारितामा देखिएका अविश्वास कम गर्न महासङ्घले पैरी गर्नुपर्ने उल्लेख गर्नुभयो ।

पत्रकार एवं लेखक मोहन मैनालीले पत्रकारिताको व्यावसायिक धर्म र आचरणलाई जोगाएर पत्रकारिताप्रति नागरिक र सरोकारवालाको भरोसा कायम राख्न पत्रकार क्रियाशिल हुनुपर्ने बताउनुभयो ।

प्रतिष्ठान प्रदेश समितिका निवर्तमान अध्यक्ष बालकृष्ण अधिकारीले साढे तीन वर्षको कार्यकालमा पेसागत दक्षता र सङ्गठनलाई चुस्त बनाउनाका साथै पत्रकारलाई क्रियाशील बनाउन थोरै भए पनि प्रतिष्ठानले दायित्व निर्वाह गरेको बताउनुभयो ।

सो अवसरमा महासङ्घका नवनिर्वाचित केन्द्रीय अध्यक्ष निर्मला शर्मालाई प्रतिष्ठानका तर्फबाट प्रथम राष्ट्रपति डा यादवले सम्मानपत्र प्रदान गर्नुभयो । साथै प्रतिष्ठानका निर्वाचित कार्यसमित र मतदान अधिकृतलाई प्रसंशापत्रद्वारा सम्मान गरियो ।

# बेरूजु फछ्र्यौटका काममा गति दिने लेखा समिति निर्णय

काठमाडौँ, ८ पुस (रासस) ।

सङ्घीय संसद् प्रतिनिधिसभाअन्तर्गतको सार्वजनिक लेखा समितिले महालेखापरीक्षक कार्यालयको प्रतिवेदनले औँल्याएका बेजुरू फछ्र्यौटलाई गति दिने निर्णय गरेको छ ।

समितिअन्तर्गतको बेरूजु फछ्र्यौट उपसमितिको बैठक नियमित गर्ने र १५ दिनभित्र महालेखापरीक्षक कार्यालयको साठिऔँ प्रतिवेदनमाथिको छलफल टुङ्ग्याइसक्ने निर्णय भएको सभापति ऋषिकेश पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार बेरूजु फछ्र्यौटका काम टुङ्ग्याएपछि समितिमा परेका उजुरीमाथि छलफल गरिनेछ ।

त्यस्तै, बेरूजु फछ्र्यौटको अवस्थाबारे सम्बन्धित मन्त्रालयका सचिवहरूलाई बोलाएर छलफल गर्ने निर्णय पनि समितिले गरेको छ ।

लेखा समितिको सोमबारको बैठकमा प्रतिपक्ष दलका सांसदहरूले सभापति पोखरेलको श्रीमती सहकारी ठगी प्रकरणमा मुछिएको र समितिको नेतृत्व प्रतिपक्षले पाउनुपर्ने विषयसमेत उठाएका छन् ।

नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) का सांसद अमनलाल मोदीले सभापति पोखेरल पत्नी सहकारी ठगी प्रकरणमा मुछिएको विषय उठाएपछि सत्तापक्ष दलका सांसदहरूले त्यसको बचाउ गरेका छन् ।

लेखा समिति सभापति प्रतिपक्ष दलले पाउनुपर्ने पनि सांसद मोदीको भनाइ थियो । "सहकारीको विषयमा सार्वजनिक लेखा समितिको सभापतिमाथि नै प्रश्न उठिसकेपछि यसबारे जवाफ दिनुपर्ने हुन्छ । शक्ति सन्तुलनका लागि समितिका काम प्रभावकारी बनाइरहन पनि लेखा समितिको सभापति प्रतिपक्षले पाउनुपर्छ", सांसद मोदीको भनाइ थियो ।

सांसद मोदीको भनाइप्रति सत्तापक्ष सांसदहरू योगेशकुमार भट्टराई, श्यामकुमार घिमिरे, गोकुलप्रसाद बाँस्कोटा, देवप्रसाद तिमलसेनालगायतले विमति राख्नुभएको थियो ।

"सभापतिको श्रीमतीको नाम सहकारी प्रकरणमा जोडिएको छ । उहाँ अदालतमा हाजिर हुन जानुहुन्छ । यो विषय न्यायिक निरूपणबाट स्पष्ट हुने भन्नेमा एमाले स्पस्ट छ । बाहिर चिच्याउँदै कराउँदै हिँड्ने होइन", भट्टराईले भन्नुभयो, "जहाँसम्म सभापति प्रतिपक्षले पाउने भन्ने विषय छ, विगतमा एउटा परिस्थितिमा राजनीतिक सहमतिका आधारमा संसद् र समितिको नेतृत्व तोकिएको थियो । अब फेरि परिवर्तन गर्ने हो भने बदलिएको परस्थितिअनुसार संसद्मा नेतृत्व अदलबदल गरौँ, समिति सभापति फेरौँ ।" विगतमा राजनीतिक सहमतिमा भएका निर्णय कुनै व्यक्तिविशेषको आग्रहमा नबदलिने उल्लेख गर्नुहुँदै उहाँले दलहरूले नै परिवर्तन गर्न चाहे त्यसको निर्णय गर्नुपर्ने बताउनुभयो ।

नेपाली कांग्रेसका प्रमुख सचेतकसमेत रहनुभएका समिति सदस्य श्यामकुमार घिमिरेले पनि दलीय सहमतिका आधारमा समिति सभापति तोकिएकाले अहिले यसमा फेरबदल गर्ने हो भने दलहरूले नै त्यसमा सहमति खोज्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले सहमतिका आधारमा समितिमा सभापति र सदस्य तोकेका थियौँ । यस विषयमा दैनिक कुरा उठ्ने तर निराकरण नहुने अवस्था राम्रो भएन । यसलाई दलगत रूपमा निरूपण गर्दा उपयुक्त हुन्छ ।"

सांसद गोकुलप्रसाद बाँस्कोटाले समिति सभापति पोखरेलमाथि आरोप लाग्दैमा त्यसैलाई अन्तिम सत्य मान्ने नभई अदालतको फैसलालाई मान्ने बताउनुभयो । "सभापतिको श्रीमतीको विषयमा प्रश्न आएका छन् । जसको बारेमा प्रश्न उठेको छ, उसले कानुनको सामना गर्न हिच्किचाउँदैन भन्ने मान्यता एमालेले राख्छ", उहाँले भन्नुभयो, "सभापति दोषी हुनुहुन्छ भन्ने तरिकाले व्यक्तिगत हमला नगरौँ । व्यक्तिगत मानमर्दन गर्नेगरी लाञ्छना लाउन हुँदैन । यदि उहाँ दोषी देखिनु भयो भने पदमा बसिरहन हुँदैन । कानुनी राज नै अन्तिम सत्य हो ।"

सांसद सञ्जयकुमार गौतमले मुलुकमा सुशासन र आर्थिक पारदर्शिताका कायम गर्नका लागि लेखा समितिले महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यसका काम प्रभावकारी बनाइनुपर्ने बताउनुभयो । "लेखा समितिले के काम गरेको छ ? समितिले सरकारमाथि कस्तो दबाब सिर्जना गरेको छ ? हामीले दिएका निर्देशन कहाँ पुगेका छन खोजौँ", उहाँले भन्नुभयो, "राष्ट्रिय गौरवको आयोजना कुन हालतमा छन् ? विगतमा भएका निर्णयको समीक्षा गरौँ । हामी सही ठाउँमा उभिन सकेका छैनौँ भनेर प्रश्न उठेको छ ।"

सांसद देवप्रसाद तिमलसेनाले पनि समितिले गरेका अनुगमन र दिएका निर्देशनको कार्यान्वयनको अवस्थाबारे प्रश्न गर्नुभयो । "समितिले गरेका अनुगमनका प्रतिवेदन कहाँ छन् ? त्यसको कार्यान्वयनको अवस्था कस्तो छ ? समितिमा परेका सबै उजुरीमाथि छानबिन गरौँ", उहाँले भन्नुभयो ।

सांसद रामकृष्ण यादवले पनि लेखा समितिले यसअघि गरेका निर्णय र दिएका निर्देशनको कार्यान्वयनको अवस्थाबारे खोजीनिती गरिनुपर्ने बताउनुभयो ।

त्यस्तै, सांसद डा अमरेशकुमार सिंहले समितिको विधायिकी दायित्व कमजोर भएको, सांसदहरूत्त¶ समितिमा आउन नखोजेको, बेरूजु फछ्र्यौटका काम प्रभावकारी हुन नसकेकोलगायत विषयहरू उठाउनुभयो । समितिअन्तर्गतका उपसमितिहरूको काम पनि प्रभावकारी ढङ्गले अघि बढाइनुपर्ने उहाँको भनाइ छ ।

## विश्व समाचार

### मस्क अमेरिकी राष्ट्रपति बन्ने सम्भावना छैन : ट्रम्प

वासिङ्टन, ८ पुस (रासस/एएफपी) ।

आगामी ट्रम्प प्रशासनका महत्वपूर्ण पात्र एलन मस्क कुनै दिन राष्ट्रपति बन्न सक्ने सम्भावना नरहेको आइतबार अमेरिकी राष्ट्रपतिमा निर्वाचित डोनाल्ड ट्रम्पले बताउनुभएको छ ।

ट्रम्पले अमेरिकी नियमलाई इङ्गित गर्दै मस्कले अमेरिकी राष्ट्रपति लड्ने सम्भावना नरहेको बताउनुभएको हो ।

एरिजोनाको फिनिक्समा आयोजित रिपब्लिकन पार्टीको सम्मेलनमा ट्रम्पले भन्नुभयो, "उहाँ राष्ट्रपति हुनुहुने छैन । यो कुरा म तपाईलाई भन्न सक्छु ।"

"तपाईलाई थाहा छ उहाँ किन अमेरिकी राष्ट्रपति हुन सक्नुहुन्न ? उहाँ यो देशमा जन्मनुभएको थिएन", ट्रम्पले टेस्ला र स्पेस एक्सका मालिकबारे भन्नुभयो, उहाँ दक्षिण अफ्रिकामा जन्मिनुभएको थियो ।

अमेरिकी संविधानमा राष्ट्रपति हुनका लागि अमेरिकामा जन्मेको अमेरिकी नागरिक हुनुपर्ने व्यवस्था छ । ट्रम्पले विशेष गरी डेमोक्र्याटिक समूहको आलोचनाको जवाफ दिँदै प्रविधि क्षेत्रका अर्बपति व्यवसायी र विश्वको सबैभन्दा धनी व्यक्तिलाई 'राष्ट्रपति मस्क' को रूपमा चित्रण गरेका थिए ।

ट्रम्पको 'दक्षताको शक्ति' को रूपमा काम गर्ने मस्कको प्रभावले गर्दा डेमोक्र्याटिकहरूले मस्कविरोधी प्रचारलाई केन्द्रित गर्दै एक अनिर्वाचित नागरिकले कसरी यति धेरै शक्ति प्रयोग गर्न सक्छ भन्ने प्रश्नहरू उठाएका देखिन्छ ।

मस्कले आफ्नो सामाजिक सञ्जाल प्लेटफर्म एक्समा २० करोडभन्दा बढी 'शुभचिन्तक' लाई यस हप्ता सरकारी कोषको प्रस्ताव वेकार भनेपछि यसले कतिपय रिपब्लिकनलाई समेत क्रुद्ध पारेको थियो ।

ट्रम्पका साथै मस्कले अन्ततः रिपब्लिकन सांसदलाई अमेरिकी काङ्ग्रेसमा कडा परिश्रम गरी सहमत भएको कोष विधेयक फिर्ता लिन दबाब दिएका थिए । यसले संयुक्त राज्य अमेरिकालाई बजेट अभावको सङ्घारमा धकेल्यो जसको परिणामस्वरूप क्रिसमसको केही दिन अघि सरकारल सेवाहरूलाई नियमित रूपमा अघि बढाउन कठिनाई भयो ।

काङ्ग्रेसले शुक्रबारदेखि शनिबारसम्मको लगातारकोपहलपछि एउटा सहमति गरेको छ र यसले सरकारी सेवाहरू व्यापक अवरोध हुनबाट जोगिएका थिए ।

### महाकुम्भमा दक्ष कामदारहरूको लागि रोजगारीका अवसर

प्रयागराज, ८ पुस, (रासस/एएनआई) ।

प्रयागराजमा उत्तर प्रदेश सरकारद्वारा आयोजित महा कुम्भ मेलाले विशेष गरी कारीगरहरू र दक्ष कामदारहरूको लागि धेरै रोजगारीका अवसरहरू ल्याएको छ ।

कुम्भको समयमा 'त्रिवेणी सङ्गम' को किनाराहरू केही समयको लागि अस्थायी सहरमा परिणत हुन्छन् । यसले स्थानीय मानिसहरूलाई रोजगारीका अवसरहरू खोल्छ । यस वर्ष सन् २०२५ महाकुम्भ १३ जनवरीदेखि २६ फेब्रुअरी सन् २०२५ सम्म आयोजना हुँदैछ ।

महाकुम्भ क्षेत्रमा ठूलो सङ्ख्यामा दक्ष र दक्ष कारीगर विभिन्न प्रकारका काममा सहभागी हुन आएका छन् ।"हामीले यो काम (परालको झुपडी बनाउने) गर्दै आएका छौं । सबै कलाकार र कामदारहरू स्थानीय र केवट समुदायका हुन् । हाम्रो काम पुरातन जीवन शैलीबाट प्रेरित छ, जहाँ ऋषिहरू त्यस्ता झुपडीहरूमा बस्ने गर्थे । यसका लागि हामीसँग १५० जना कामदार भर्ना भएका छन् । हामीले दुईदेखि तीन महिनाको लागि रोजगारी पाउँछौं,"गीता प्रेसका उमाशंकर पाण्डेले एएनआईलाई बताउनुभयो ।

"हामी पूरै परालको झुपडीबाट बनेको बङ्गला बनाउँदैछौं । हामी प्रत्येक वर्ष माघ र कुम्भ मेलामा यो काम गर्छौं । हामी यो काम मात्र गर्छौं । यो हाम्रो लागि रोजगारीको अवसर हो । यसपछि कुनै रोजगारी छैन," एक मजदुरले बताउनुभयो ।

"यी झुपडीहरू मेलाको समयमा मात्र बनाइन्छ । अहिले हामीसँग यो मात्र रोजगारी छ," मोहनलाल निषादले भन्नुभएको छ ।

गङ्गा र यमुनाको 'त्रिवेणी सङ्गम' (सङ्गम) को किनारबाट ड्रोन दृश्यहरूले सन् २०२५ महाकुम्भ मेलाको लागि राज्य सरकारले गरेको व्यवस्था, भक्तहरूलाई स्वागत गर्न तयार पालहरू र पवित्र स्थलमा अस्थायी पुलहरू बनाएको देखाउँदछ ।

यसका साथै आगामी 'महा कुम्भ मेला' अगाडि अवधको पेशवाई जुलुस प्रयागराज पुगेको छ । पेशवाई एक औपचारिक जुलूस हो, जुन कुम्भ मेलामा साधुहरू र आखाडा वा सम्प्रदायका अन्य सदस्यहरूको आगमनलाई चिन्ह लगाउँछ । यो एक भव्य परम्परा हो ।

यसैबीच, अयोध्या नगर निगमले कुम्भ भक्तजनका लागि बासस्थानको व्यवस्था र खानेपानीको व्यवस्था गरेका छन् । अयोध्या नगर निगमद्वारा स्थापित आश्रय स्थानहरूले भक्तहरूलाई चिसो मौसमबाट बच्न मद्दत गर्नेछ । स्थानीय प्रशासनले गरिरहेको प्रयासले भक्तजनहरूलाई विशेष गरी कुम्भ पछि अयोध्या भ्रमण गर्नेहरूलाई कुनै समस्या नहोस् भनेर सुनिश्चित गर्नेछ ।

अयोध्याका मेयर गिरीशपति त्रिपाठीले कुम्भको रमाइलोपछि सरयू नदी र रामलालाको दर्शन गर्न भक्तजनले अयोध्या आउने अपेक्षा गरिएको बताउनुभयो । महाकुम्भको बारेमा पौराणिक मान्यता अनुसार प्रयागमा नुहाउनेहरू प्रायः सरयूमा स्नान गरी रामलल्लाको दर्शन गर्न जाने प्रयास गर्छन् ।

"यहाँ (अयोध्यामा) ठूलो सङ्ख्यामा भक्तजन आउने अपेक्षा गरिएको छ । हामीले दिनहुँ करिब एक लाख भक्तजनको सेवा गरिरहेका छौं । भक्तजनको सुरक्षाका लागि आश्रयस्थलको व्यवस्था गर्ने प्रयास गरिरहेका छौँ । प्रयागराज पुगेपछि सहज अनुभव होस् भन्नका लागि नगर निगमले धेरै ठाउँमा सुरक्षित खानेपानी, शौचालय र बोनफायरको व्यवस्था पनि गरिरहेको छ,"त्रिपाठीले बताउनुभयो ।

यसअघि, उत्तर प्रदेश सरकारले भक्तहरूका लागि विशेष सुरक्षा व्यवस्था गर्‍यो । भीड नियन्त्रण सुनिश्चित गर्न घोडाहरूसहित प्रहरी तैनाथ गरेको छ ।

# बैश्य समाज सप्तरीको २१ सदस्यीय नयाँ कार्य समिति चयन



**दैनिक समाचारदाता**
**राजविराज, ८ पुस ।**

वैश्य समाज सप्तरीको प्रथम जिल्ला स्तरिय भेला तथा अधिवेशन सोमवार नयाँ नेतृत्वको चयन गर्दै सम्पन्न भएको छ ।

वैश्य समाजको पहिचान उत्थान र सम्मानका लागि राष्ट्रिय वैश्य महासंघ नेपालको जिल्ला जिल्लामा संगठन विस्तार गर्ने कार्यक्रम अन्तर्गत गरिएको प्रथम जिल्ला स्तरिय भेला तथा अधिवेशनले श्याम कुमार साहको अध्यक्षतामा २१ सदस्यीय नयाँ कार्य समिति सर्वसम्मतले चयन गरेको हो ।

समितिको उपाध्यक्षमा मनोज कुमार माझी, दिगम्बर साह, महिला उपाध्यक्ष सुनिता दास, महासचिवमा बब्लुकुमार चौधरी कलवार, सचिवमा राजलाल पण्डित, रामानन्द साह, कोषाध्यक्ष बलराम शर्मा र सहकोषाध्यक्षमा नारायण साहु रौनियारको चयन गरिएको छ ।

यस्तै सदस्यहरुमा संजय कसेरा, सावित्रीदेवी पण्डित, बबिता साह, रन्जित पंजियार, अनुराधा साह, पुनिता साह र सरस्वती चौधरीको चयन गरिएको छ । बाँकी रहेका चार सदस्यको पछि मनोनयन गरिने महासंघले जनाएको छ ।

नवगठित समितिका पदाधिकारीलाई कार्यक्रमका प्रमुख अतिथि वैश्य महासंघ नेपालका राष्ट्रिय अध्यक्ष परमेश्वर महासेठले पद तथा गोपनीयताको सपथ सहित पदभार ग्रहण गराएका छन् ।

यसअघि तेली कल्याण समाजका राष्ट्रिय अध्यक्ष विश्वनाथ साहु तेलीको अध्यक्षता तथा वैश्य महासंघ नेपालका राष्ट्रिय अध्यक्ष परमेश्वर महासेठको प्रमुख अतिथ्यमा भएको उद्घाटन समारोहमा वैश्य महासंघका उपाध्यक्ष रामचन्द्र साह, शत्रुघन साह, सचिव बजरंगी साह, राम उदगार महासेठ, विधान मस्यौदा समितिका सदस्य शत्रुघन महासेठ, तेली कल्याण समाजका राष्ट्रिय उपाध्यक्ष उम्देश्वर साह, कसेरा समाज सप्तरीका अध्यक्ष दिनेश साह, सुडी समाज केन्द्रिय सदस्य पंकज पुर्वे, रौनियार समाजका प्रादेशिक अध्यक्ष रंजित भगत, महिला अभियान्ता सुनिता साह क्रान्ती, तेली कल्याण समाज सप्तरीका निवर्तमान अध्यक्ष अमृतलाल साह लगायतले शुभकामना दिएका थिए ।

२२ वटा जातिय समुदाय आवद्ध रहेको वैश्य महासंघले संगठन विस्तार अभियान अन्तर्गत एक महिना यता वारा, पर्सा, धनुषा र सप्तरीमा संगठन विस्तार गरिसकेको र अन्य जिल्लामा समेत विस्तार गर्ने तयारी गरिएको जनाएको छ ।

# हुलाक कार्यालय खोटाङका निमित्त प्रमुख आचार्य छोरासँगै मृत फेला

खोटाङ, ८ पुस (रासस) ।

जिल्ला हुलाक कार्यालय खोटाङका निमित्त कार्यालय प्रमुख कुलप्रसाद आचार्य भक्तपुरमा छोरासहित मृत फेला पर्नुभएको छ । दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१ दिक्तेल निवासी ५६ वर्षीय निमित्त कार्यालय प्रमुख आचार्य र उहाँका कान्छा छोरा २२ वर्षीय प्रवीण आचार्य सोमबार भक्तपुरको सूर्यविनायक नगरपालिका-२ बालकोटस्थित भाडाको घरमा मृत फेला पर्नुभएको हो ।

हुलाक कार्यालयका निमित्त कार्यालय प्रमुख आचार्य छोरासँगै भक्तपुरस्थित बालकोटमा रहेको भाडाको घरमा मृत फेला परेको खबर आफूसँग आएको खोटाङका प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले बताउनुभयो । उहाँले भन्नुभयो, "जिल्ला हुलाक कार्यालय खोटाङका निमित्त कार्यालय प्रमुख कुलप्रसाद आचार्य बिदामा जाने भनेर मङ्सिर २८ गते प्रशासनमा आउनुभएको थियो । आज यस्तो खबर सुनियो ।"

हुलाकका निमित्त कार्यालय प्रमुख आचार्य खोटाङबाट पाँच दिनअघि मात्रै जेठा छोरा मिलन आचार्य र कान्छा छोरा प्रवीण बसिरहेको भक्तपुरस्थित बालकोटमा रहेको भाडाको घरमा पुग्नुभएको थियो । बाहिरबाट चाबी लगाएको कोठाभित्र आचार्य बाबुछोरा हत्या गरेको अवस्थामा मृत फेला परेको प्रहरीले जनाएको छ ।

आचार्य बाबुछोराको शरीरमा चोट देखिएको र सँगै बसिरहेका जेठा छोरा सम्पर्कविहीन हुनुमा घटना शङ्कास्पद बनेको मृतकका आफन्त एवम् दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१ दिक्तेलका गोपाल आचार्यले बताउनुभयो । गएराति तीन बाबुछोरा खाना खाएर सुतेका र सोमबार बिहान भने दुईवटा ढोकामा बाहिरबाट ताला लगाएको अवस्थामा बाबुछोराको शव भेटिएको आफन्तले बताएका छन् ।

उनीहरूसँगै कुलप्रसादका जेठा छोरा मिलन पनि सँगै सुतेको अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ । शवमा चोटपटक भेटिएको र बाहिरबाट ताला लगाएकाले उनीहरूको हत्या भएको हुनसक्ने प्रहरीले अनुमान गरेको छ । उनीहरूको शव भाडाको कोठाबाट निकालेर परीक्षणका लागि अस्पताल लैजाने तयारी गरिएको आफन्तले बताएका छन् । बिदामा बस्नुभएका निमित्त कार्यालय प्रमुख आचार्यको मृत्यु हुनाका कारण अहिलेसम्म प्राप्त भइनसकेको जिल्ला हुलाक कार्यालय खोटाङले जनाएको छ ।

# वीरगञ्ज भन्सारद्वारा पाँच महिनामा ६४ अर्ब राजस्व सङ्कलन

वीरगञ्ज (पर्सा), ८ पुस ।

वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८१/८२ को पाँच महिनाको अवधिमा रु ६४ अर्ब ५९ करोड ५१ लाख २५ हजार राजस्व सङ्कलन गरेको छ ।

कार्यालयले कुल वार्षिक लक्ष्यको पाँच महिनाको अवधिमा २९ दशमलव ५० प्रतिशत राजस्व सङ्कलन गरेको हो । कार्यालयले सार्वजनिक गरेको मासिक प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको साउन महिनामा रु १२ अर्ब १६ करोड ३२ लाख राजस्व सङ्कलन गरेको छ ।

भदौ महिनामा १३ अर्ब ४३ करोड १० लाख, असोज महिनामा १३ अर्ब ४३ करोड र कात्तिक महिनामा ११ अर्ब १० करोड ५२ लाख राजस्व सङ्कलन गरेको थियो । तर मङ्सिर महिनामा भने रु १४ अर्ब ४१ करोड ५९ लाख राजस्व सङ्कलन गरेको वीरगञ्ज भन्सार कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार गत आवको पाँच महिनाको तुलनामा चालु आवको सोही अवधिमा भने राजस्व सङ्कलन दुई अर्ब ५९ करोड १६ लाख ३० हजार बढेको छ । कार्यालयका अनुसार गत आवको पाँच महिनाको अवधिमा भने ६२ अर्ब ३४ लाख ९५ हजार राजस्व सङ्कलन गरेको थियो ।

# सुपारी निकासी प्रवर्द्धनमा जोड

काठमाडौँ, ८ पुस (रासस) ।

सांसदहरूले सुपारीखेती प्रवर्द्धनमार्फत निकासा बढाउन आवश्यक रहेकामा जोड दिनुभएको छ । सोमबार राष्ट्रियसभा अन्तर्गत विकास, आर्थिक मामिला तथा सुशासन समितिद्वारा आयोजित नेपालमा उत्पादित सुपारी निर्यात व्यवस्थापनसम्बन्धी छलफलका क्रममा उहाँहरूले सुपारी निकासा बढाउन उत्पादन पनि वृद्धि हुनुपर्नेमा जोड दिनुभएको हो ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले राजस्वले गुट्काबाट रु१० अर्बको राजस्व सङ्कलन भएको उल्लेख गर्दै सुपारीबाट पनि राजस्व बढाउनसक्ने धारणा राख्नुभयो । "चालु आर्थिक वर्षमा पनि सुपारी प्रशोधनका लागि झापामा रु तीन करोड बजेट विनियोजन गरेका छौँ । अहिले सुपारी तेस्रो मुलुकबाट आयात भइरहेको छ," उहाँले भन्नुभयो, "नेपालमा उत्पादित सुपारीलाई आन्तरिक खपत बढाउनुपर्छ भनेका छौँ ।"

केराउ र मरिच आयात अनुमति नदिए पनि आयात आइरहेको उहाँले दाबी गर्नुभयो । "मरिच र केराउ हामी सबैको भान्सामा प्रयोग हुन्छ तर वैधानिक बाटोबाट आइरहेको छैन," मन्त्री भण्डारीले भन्नुभयो, "अब स्वदेशमा नै यी खाद्य वस्तुको उत्पादन बढाउन सकिन्छ ।"

समिति सभापति कमला पन्तले आफ्नो उत्पादन आफैँले खपत गर्नुपर्ने र खपत हुन नसकेमा निर्यातका लागि पहल गर्नुपर्नेमा जोड दिनुभएको छ । "किसानले उत्पादन गरेका वस्तुको सहज बजारीकरण गर्नुपर्छ । आन्तरिक खपत भए त्यसैमा प्रवर्द्धन गर्नुपर्छ," उहाँले भन्नुभयो ।

सांसद बामदेव गौतमले चोरी निकासी रोक्नका लागि नेपालले खुला सिमाना बन्द गर्नुपर्ने र भिसा प्रस्ताव गर्नुपर्ने बताउनुभएको छ । सांसद उर्मिला अर्यालले पनि सुपारी निकासा हुनुपर्नेमा जोड दिनुभयो । सांसद विष्णुबहादुर विश्वकर्माले सुपारीकै विषयमा पटक-पटक छलफल गर्नु उपयुक्त नरहेको भन्दै सुपारीको डिएन परीक्षणका लागि ल्याव स्थापना गर्न आवश्यक रहेको बताउनुभएको छ । उहाँले सुपारी निर्यातबाट मुलुकको राजस्व बढाउन सकिने धारणा राख्नुभयो ।

सांसद भवनबहादुर सुनुवारले कृषि र उद्योग मन्त्रालयको समन्वयमा सुपारी निर्यातको सम्भावना पहिल्याउन आवश्यक रहेको बताउनुभएको छ । सांसद डा अञ्जान शाक्यले सुपारीको डिएनए टेष्ट गर्न सकिने भन्दै कहिले गर्ने भन्ने समय तोक्नुपर्ने बताउनुभएको छ । "नेपालको उत्पादनलाई जोड दिने हो भने १५ जिल्लामा सुपारी उत्पादनको सम्भावना छ । गणस्तर उत्पादन बढाउन सकेमा निर्यात सम्भावना छ", उहाँले भन्नुभयो ।

सांसद झक्कुप्रसाद सुवेदीले सुपारी निर्यातको विषयमा विस्तृत रूपमा छलफल आवश्यक भएको बताउनुभयो । "एउटै विषयमा छलफल धेरै भयो । पटक-पटक छलफल गरिरहनुभन्दा गहन रूपमा छलफल गरेर टुङ्गोमा पुग्नुपर्छ," उहाँले भन्नुभयो, "डिएनए परीक्षण नगरिकन सुपारी निकासा मिल्दैन भने सो अनुसार निर्णय टुङ्गोमा पुऱ्याउनुपर्छ ।"

सांसद सावित्री मल्लले सुपारी उत्पादन चारवटा जिल्लामा मात्रै हुने गरेको उल्लेख गर्दै अन्य १० जिल्लामा सुपारी उत्पादनलाई प्राथमिकता दिन आवश्यक भएको बताउनुभएको छ ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव गोविन्दबहादुर कार्कीले तेस्रो मुलुकमा सुपारी निर्यात बढाउनका लागि डिएनए टेष्ट र गुणस्तर प्रमाणीकरण गर्न आवश्यक रहेको बताउनुभएको छ ।

# मोटरसाइकल चोरी मुद्दाका फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ८ पुस ।**

मोटरसाइकल चोरी मुद्दामा अदालतबाट कैद र जरिवाना सजाय तोकिएका फरार एक प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको विष्णुपुर गाउँपालिका वडा नं १ बस्ने मो.ओसिम रहेको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा मो. ओसिमलाई पक्राउ गरि सप्तरी जिल्ला अदालतमा दाखिला गरि जरिवाना र कैदका लागि दाखिला गरिएको प्रहरीले जनाएको छ ।

# सिरहा कारागार प्रकरणमा छानबिन समितिले बुझायो प्रतिवेदन

सिरहा, ८ पुस (रासस) ।

सिरहा कारागार प्रकरणको अनुसन्धान गर्न बनेको छानबिन समितिले झण्डै डेढ महिनापछि अनुसन्धान प्रतिवेदन बुझाएको छ । समितिले गत बिहीबार नै प्रतिवेदन जिल्ला प्रशासन कार्यालयमा बुझाएको छानबिन समितिका सदस्य तथा जिल्ला प्रशासन कार्यलयका सूचना अधिकारी रवीन्द्रकुमार महतले जानकारी दिनुभयो ।

सूचना अधिकारी महतका अनुसार अनुसन्धान प्रतिवेदन ९० पृष्ठको रहेको छ । उहाँले भन्नुभयो, "प्रमुख जिल्ला अधिकारी वासुदेव दाहाल बिदामा हुनुहुन्छ । सम्भवत उहाँ बिहीबार कार्यालय आउनुहुन्छ । उहाँ आएपछि जिल्ला सुरक्षा समितिको बैठकमा प्रतिवेदन पेस हुन्छ र प्रतिवेदन सार्वजनिक हुन्छ ।"

गत कात्तिकमा कैदीहरूले कारागारभित्रै मदिरा सेवन गर्नेदेखि अवैध लागुऔषधसमेत कारोबार गर्ने गरेको सूचना बाहिरिएपछि सो सम्बन्धमा सम्बन्धमा अनुसन्धान गर्न प्रहरी नायव उपरीक्षक विष्णुप्रसाद सोतीको नेतृत्वमा कात्तिक २५ गते पाँच सदस्यीय छानबिन समिति गठन भएको थियो । छानबिन समितिमा जिल्ला प्रशासन र कारागार कार्यालयका प्रतिनिधिसमेत रहेका थिए ।

कारागारका मूल नाइके र अन्य कैदीले मदिरा खाँदै गरेको तथा मोबाइल चलाउँदै गरेको घटना प्रमाणसहित सञ्चारमाध्यममा सार्वजनिक भएको थियो । त्यस्तै कारागारमा पाँच गुणासम्म मूल्यमा लागुऔषधसहित बाहिर पाइने सबै कुरा उपलब्ध हुने जानकारी बाहिरिएको थियो । यस प्रकरणमा कारागार व्यवस्थापन विभागले तत्कालै जिल्ला प्रशासन कार्यालय सिरहालाई घटनाको छानबिन गरी संलग्नलाई कारबाही गर्न र कारागार कार्यालय सिरहालाई घटनाबारे प्रतिवेदन पठाउन लिखित रूपमा निर्देशन दिएको थियो ।

त्यसपछि गठन भएको छानबिन समितिलाई सुरुमा अनुसन्धान प्रतिवेदनका लागि १५ दिनको समय दिइएको थियो । तर, समयमै अनुसन्धान तथा छानबिनको काम नसकिएपछि जिल्ला सुरक्षा समितिले समय थप गरेको थियो ।

कारागारको अवलोकन, विद्यमान अवस्थाको अध्ययन, भौतिक संरचना तथा सुरक्षा व्यवस्थाको अवस्था, प्रशासनिक प्रणालीको अध्ययन, कैदीसँग छलफल तथा अन्तरक्रिया, कैदीसँग सम्बन्धित अभिलेख सङ्कलन, नीति नियम तथा निर्देशिकाको अध्ययन, सरोकारवालासँग अन्तरक्रिया लगायतका काम गरी प्रतिवेदन तयार गर्न समय लागेको छानबिन समितिका सदस्य तथा जिल्ला प्रशासन कार्यलयका सूचना अधिकारी महतले जानकारी दिनुभयो ।

### लागू औषधसहित...

उनीहरूको साथबाट ब्रुप्रेनोफिन इन्जेक्सन आइपि २ एमएलको ४५ पिस, फेनेर्गेन इन्जेक्सन आइपि २ एमएल ४४ पिस तथा डाइजेपाम इन्जेक्सन आइपि २ एमएल ४५ पिस गरि १ सय ३४ पिस लागू औषध बरामद भएको सप्तरीका प्रहरी प्रवक्ता जितेन्द्र कुमार बस्नेतले जानकारी दिएका छन् ।

पक्राउ परेका दुवैजनालाई सप्तरी जिल्ला अदालतबाट ७ दिनको म्याद थप गरि अनुसन्धान भईरहेको प्रवक्ता बस्नेतले बताए ।

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np